## २०८० साउन २३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.स. | मन्त्रालय | विषय |
|---|---|---|
| 1 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेशका मुख्यमन्त्री श्री राजकुमार शर्मालाई स्वीट्जरल्याण्डको जुरिचमा २०८० भदौ १५ देखि १६ गतेसम्म आयोजना हुने Cooperation in Financing, Social, Humanitarian, PPP and Green programs लगानी सहकार्य विषयक कार्यक्रममा सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 2 | अर्थ मन्त्रालय | रु. ५ दरका १५ करोड थान सिक्का टकमरी गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिने। |
| 3 | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | थाईल्याण्डको बैंककमा आगामी २०८० भदौ ५ र ६ गते आयोजना हुने High-Level Euro-Asia Regional Review of the Vienna Programme of Action of the LLDCs मा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाललाई स्वीकृति दिने। |
| 4 | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | हेटौडा-ढल्केवर-इनरुवा ४०० के.भी. प्रसारण लाइन आयोजनाको सुनसरी, उदयपुर, ससरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र मकवानपुर जिल्लाहरुमा प्रसारण लाइनको लाइनको अधिकार क्षेत्र (Right of Way) भित्र पर्ने जग्गा र सो भित्र रहेका संरचनाहरुको क्षतिपूर्ति निर्धारण गर्न समितिको अध्यक्ष र सदस्य तोक्ने। |
| 5 | गृह मन्त्रालय | अमन चौधरी(अग्रवाल) ले झुठ्ठो विवरण पेश गरी जिल्ला प्रशासन कार्यालय, पर्साबाट मिति २०७७/७/२५ मा प्राप्त गरेको वंशजको आधारको नेपाली नागरिकताको प्रमाणपत्र नेपाल नागरिकता ऐन, २०६३ को दफा १४(१) बमोजिम रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने र संलग्न व्यक्तिहरुलाई सोही ऐनको दफा २१ बमोजिम कारबाही गर्ने। |
| 6 | गृह मन्त्रालय | सोफिया रुथ भण्डारीले झुठ्ठा विवरण पेश गरी जिल्ला प्रशासन कार्यालय, कास्कीबाट प्राप्त गरेको जारी मिति २०७९/४/२६ भएको वंशजको आधारको नेपाली नागरिकताको प्रमाणपत्र नेपाल नागरिकता ऐन, २०६३ को दफा १४(१) बमोजिम रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने र संलग्न व्यक्तिहरुलाई सोही ऐनको दफा २१ बमोजिम कारबाही गर्ने। |
| 7 | गृह मन्त्रालय | Public Security Department of Tibet Autonomous Region of China ले गृह मन्त्रालयलाई प्रदान गर्ने Security Equipment Under Grant Assistance अन्तर्गत प्राप्त हुने वस्तुगत सहायता २१ थान Remotely Piloted Aircraft/Drone स्वीकार गर्ने। |
| 8 | गृह मन्त्रालय | भदौ १९ र २० मा स्वीडेनमा आयोजना हुने Engaging Indigenous People in Elections कार्यक्रममा सहभागी हुन प्रमुख निर्वाचन आयुक्तलाई स्वीकृति दिने। |
| 9 | परराष्ट्र मन्त्रालय | मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको कुनमिङ्ग शहरमा शहरमा मिति २०८० साउन ३१ देखि भदौ ३ गतेसम्म आयोजना हुने 7th China – South Asia |

| | | |
|---|---|---|
| | | Exposition र 27th China (Kunming) Import & Export Fair मा सहभागी हुन सम्माननीय उपराष्ट्रपतिको चीनको भ्रमण कार्यक्रम स्वीकृत गर्ने। |
| 10 | परराष्ट्र मन्त्रालय | CEDAW समिति सदस्यमा सन् २०२५-२०२८ अवधिको लागि नेपालको तर्फबाट श्री बन्दना राणालाई तेस्रो कार्यकालको लागि पुनः उम्मेदवारी पेश गर्न स्वीकृति दिने। |
| 11 | युवा तथा खेलकुद मन्त्रालय | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम र श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको लागि आ.व २०८०/८१ मा आवश्यक पर्ने राजपत्रांकित अधिकृतस्तरका ७१५ अस्थायी दरवन्दी स्वीकृत गर्ने। |
| 12 | वन तथा वातावरण मन्त्रालय | माथिल्लो पिलुवाखोला जलविद्युत आयोजनाको लागि इन्टेक, अडिट र पावरहाउस लगायतका भौतिक संरचनाहरू निर्माण गर्न संखुवासभाको मादी नगरपालिका र चैनपुर नगरपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको करिव १.४६७३ जग्गा शर्तहरू पालना गर्नेगरी २५ वर्षसम्म प्रयोग गर्न दिने तहाँ रहेका रूखहरू हटाउन स्वीकृति दिने। |
| 13 | वन तथा वातावरण मन्त्रालय | माथिल्लो मोदी ए जलविद्युत आयोजनाको भौतिक पूर्वाधारहरू निर्माण गर्न शर्तहरू पालना हुने गरी कास्की जिल्लाको अन्नपूर्ण गा.पा. वडा नं १० घान्द्रुकमा रहेको राष्ट्रिय वन क्षेत्रको कूलजम्मा ९.८५ हेक्टर जग्गा पच्चिस वर्षसम्म प्रयोग गर्न तथा सो वन क्षेत्रमा रहेका रुखहरू हटाउन स्वीकृति दिने। |
| 14 | वन तथा वातावरण मन्त्रालय | नुप्चे लिखु जलविद्युत आयोजनाको १३२ के.भि. प्रसारण लाइनको विभिन्न संरचना निर्माणको लागि तोकिएका शर्तहरु पालना हुने गरी गौरीशंकर संरक्षण क्षेत्रमा रहेको सरकारी वन क्षेत्रको कूलजम्मा ३७.८५ हेक्टर जग्गा २५ वर्षसम्म प्रयोग गर्न दिन तथा सो वन क्षेत्रमा रहेका रुखहरु हटाउन स्वीकृति दिने। |
| 15 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | आगामी मिति २०८० असोज १३ देखि १७ गतेसम्म संयुक्त राज्य अमेरिकाको टेक्सासमा आयोजना हुने "२०२३ ICMA Annual Conference" विषयक कार्यक्रममा विराटनगर महानगरपालिकाका प्रमुख श्री नागेश कोइरालालाई सहभागी हुन स्वीकृति दिने। |
| 16 | मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिबाट पेश भएको सिंहदरबारको संशोधित गुरुयोजना स्वीकृत गर्ने। | |
| 17 | मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिबाट पेश भएको राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० स्वीकृत गर्ने। | |
| 18 | मन्त्रिपरिषद्, विधेयक समितिबाट पेश भएको बैंकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० सङ्घीय संसदमा पेस गर्न स्वीकृति दिने। | |